# PRODUCTION AND MARKETING OF GINGER IN WESTERN REGION OF NEPAL

## ABSTRACT

Name: Rewati Raman Poudel
Semester and year of admission: First, 2010
Major subject: Agricultural Economics
Major advisor: Prof. Punya Prasad Regmi, Ph.D.
Member advisors: Prof. Resham Bahadur Thapa, Ph.D.

Id. No.: R-2010-AEC-B-03 P
Degree: Doctor of Philosophy
Department: Agricultural Economics

This study tried to analyze the production and marketing of ginger in western Nepal with the specific objective of assessing socioeconomic status of ginger producing farmers, economic analysis, marketing, export and problems associated with production and marketing. The survey was conducted in 4 VDCs of Palpa, and 4 districts of western region for primary data collection. To study the economy, 240 ginger producing farmers from Palpa and 30 traders from Palpa, Nawalparasi, Gulmi and Rupandehi were selected by using simple random sampling. Secondary data were used to assess the macro level study on area, production and export. Data were collected from pretested questionnaire by using face to face interview schedule and focus group discussion. Among the 240 surveyed households, there were 1319 population in total. Women involvement was higher in ginger economy. The landholding of ginger producing farmers was 0.94 ha. Most farmers used their own seed, land and labor for production. In the study areas,the highest cost on ginger production was incurred for seed (65%). Seed use rate was 2873 kg $ha^{-1.}$ Farmers were found using local variety. Ginger production was highly profitable in cash cost basis. The income per household from ginger production was NRs 13,896.26. Seed, labor and years of crop rotation were the most important factors for ginger production. Major market of Nepalese ginger was India. Majority of ginger producing farmers sold their product through local collectors where these collectors determined the price. Ginger production area had increased but productivity was in decreasing trend over 20 years of period. Coefficient of variation and instability index indicated that cultivation of ginger was stable and not risky in Nepal. Over the 17 years of study, it was found that lagged production of ginger was positively contributing while lagged yield was negatively contributing to area increment of ginger in Nepal. The 28 years' international data showed that Nepal exported more quantity of ginger and the production increased whenever the Indian ginger price was greater than Chinese one. In the ratio of Indian and Chinese ginger prices, Indian price was always increasing. Nepalese ginger export was dependent on Indian market. The quantity exported from Nepal was increasing but average unit export value was decreasing over the records of 29 years. Therefore, Nepal should diversify the ginger markets and focus to export to higher value paying countries like Japan, The Netherlands and USA. Problems of production were lack of quality planting materials and pest management, whereas marketing problems were lack of cleaning, sorting and grading practices of the products. Product is fibrous and has soil and disease contents which are also problems for ginger to be exported. This study concluded that ginger economy had positive impact on national income. For sustainability of this sector, focus should be given on cost reducing mechanism with improved production package, marketing and infrastructure development for export promotion.

# नेपालको पश्चिमाञ्चल क्षेत्रको अदुवाको उत्पादन र वजारीकरण

**शोध-सार**

नम : रेवती रमण पौडेल
पि
परिचय पत्र नं. : आर-२०१०-ए.इ.सी-बि-०३
सत्र तथा भर्ना वर्ष : प्रथम, २०१०
उपाधि : विद्यावारिधि
मुख्य विषय : कृषि अर्थशास्त्र
विभाग : कृषि अर्थशास्त्र
मुख्य सल्लाहकार : प्रा.डा. पुण्य प्रसाद रेग्मी

अदुवा उत्पादक कृषकको सामाजिक आर्थिक अवस्थाको अध्ययन, आर्थिक विश्लेषण, वजारीकरण, मूल्य निर्धारण तथा निर्यात प्रवर्धनमा देखिएका समस्या पहिचान गर्ने उद्देश्यका साथ नेपालको पश्चिमाञ्चल क्षेत्रको अदुवाको उत्पादन र बजारीकरणको अवस्थाको अध्ययन गरिएको छ । यसका लागि पाल्पा जिल्लाका ४ गाविसहरु र पश्चिमान्चल विकास क्षेत्रका ४ जिल्लाहरुको सर्वेक्षण गरिएको छ। अदुवाको अर्थतन्त्र बुझ्न साधारण दैविक नमुना विधिबाट ४ गाविसहरुबाट २४० जना अदुवा उत्पादक कृषक र पाल्पा, नवलपरासी, गुल्मी र रुपन्देहीबाट ३० जना अदुवा व्यापारीहरुको छनौट गरिएको थियो । लक्षित समुह छलफल, नीति निर्माण र कार्यान्वयनसंग सम्बन्धित कर्मचारीहरुसंगको अन्तर्वार्ता पनि प्राथमिक तथ्यांकका श्रोतहरु थिए भने  द्वितिय तथ्यांकको लागि प्रकाशित श्रोतहरुको प्रयोग गरिएको थियो । छनौट गरिएका कृषक र व्यापारीबाट पुर्व परीक्षण गरिएको प्रश्नावली प्रयोग गरी प्रत्यक्ष अन्तर्वार्ताको माध्यमद्वारा तथ्यांक संकलन गरिएको थियो। सर्वेक्षण गरिएका २४० नमुना घरधुरीमा कूल जनसंख्या १,३१९ रहेको पाइयो। अदुवा उत्पादनमा महिलाहरुको उल्लेख्य सहभागिता रहेको थियो। अदुवा कृषकहरुको औसत जग्गाको स्वामित्वको आकार ०.९४ हे. पाइयो । अदुवा कृषकहरुले प्रायः आफैले राखेको विउ (स्थानिय जातको), आफ्नै जग्गा र श्रम प्रयोग गरेका थिए। प्राप्त तथ्यांक अनुसार अदुवा उत्पादन लागतमा सबैभन्दा बढि ६५% लागत विउको रहेको र औसत २८७३ के.जी/हे. विउ प्रयोग भएको पाइयो। अध्ययनले नगदी आधारमा अदुवाको उत्पादन बढि नाफामूलक भएको देखाएको छ। अदुवा उत्पादनबाट प्रति घर रु. १३,८९६।२६ आम्दानी भएको छ। विउ, श्रमिक र बाली चक्र अदुवा उत्पादनका महत्वपुर्ण तत्वहरु देखिएका छन । प्रायः कृषकहरुले आफ्नो उत्पादन स्थानिय व्यापारीलाई बेच्ने गर्छन र मूल्यको तय पनि ब्यापारी नै गर्ने गर्छन । नेपालको विगत २० वर्षको तथ्यांकले यो अवधिमा अदुवाको क्षेत्रफल र उत्पादन बढेको तर उत्पादकत्व घटेको देखाएको छ । यसैगरी नेपालको १७ वर्षको तथ्यांकको अध्ययनवाट अदुवा लगाउने क्षेत्रफल निर्धारणमा गत बर्षको उत्पादनले उल्लेख्य रुपमा भूमिका खेलेको पाइयो। नेपालको अदुवाको उत्पादन बढेको र चाइनिज अदुवाको मूल्य घटेको अवस्थामा नेपालको अदुवा निर्यात बढि हुने कुरा विगत २८ बर्षको अन्तराष्ट्रिय तथ्यांकको बिश्लेषणले देखाएको छ । नेपाली अदुवाको मुख्य बजार भारत रहेको छ । नेपालको निर्यात व्यापारको २९ बर्षे इतिहासमा अदुवाको निर्यात बढे पनि औसत प्रति इकाई निर्यात मूल्य घट्दै गएको देखिन्छ । त्यसैले नेपालले अदुवाको बजार विविधिकरण गर्दै उच्च प्रति इकाइ निर्यात मूल्य पाउने जापान, नेदरल्यान्ड र संयुक्त राज्य अमेरिका जस्ता देशहरु तिर निर्यात केन्द्रित गर्नुपर्ने देखिन्छ। अदुवा उत्पादनका मूख्य समस्याको रुपमा गुणस्तरीय वीउ तथा रोग किराको ब्यवस्थापन र वजारीकरणको समस्याको रुपमा फसलको सरसफाई, छनौट तथा वर्गिकरण रहेको छ। त्यसैगरी उत्पादन रेशा युक्त तथा रोगी र माटो समेत हुँदा अदुवा निर्यातमा समस्या भएको छ। निश्कर्षमा भन्नु पर्दा अदुवाको आयले राष्ट्रिय अर्थतन्त्रमा सरकारात्मक प्रभाव पारेको छ । तर यस क्षेत्रको निर्यात प्रवर्धनको दीगोपनाको लागि उत्पादन लागत न्यूनीकरण, उन्नत उत्पादन प्रविधिको प्रयोग, वजार तथा पूर्वाधार विकास गर्नुपर्ने देखिन्छ ।